जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# हेलम्बु राजपत्र


## हेलम्बु गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ ) सिन्धुपाल्चोक, श्रावण १ गते, २०८० साल (संख्याः १)


# भाग — १

हेलम्बु गाउँपालिकाको

## सूचना

हेलम्बु गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/१०

## हेलम्बु गाउँपालिकाको विनियोजन ऐन, २०८०

### प्रस्तावना

नेपालको संविधानको धारा २२१ तथा धारा २२६ मा रहेको स्थानीय तहको व्यवस्थापकीय तथा कानुन बनाउन पाउने अधिकारको आधारमा हेलम्बु गाउँपालिकाको गाउँसभाले यो ऐन निर्माण गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम हेलम्बु गाउँपालिकाको विनियोजन ऐन, २०८० रहेको छ।

(२) यो ऐन २०८० श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५३,२३,८८,८३२.३३ (अक्षरेपी त्रिपन्न करोड तेइस लाख अठासी हजार आठ सय वत्तिस रुपैंया र तेत्तिस पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त हेलम्बु गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनीयोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु

तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका योजनाहरुको कार्यान्वयन उपभोक्ता समितिबाट गराउँदा उक्त योजना तथा कार्यक्रमहरुको सम्झौता सम्वत् २०८० पौष मसान्त भित्र गरिसक्नु पर्नेछ।

(५) उपदफा (४) मा तोकिएको समयावधी भित्र गाउँपालिकाको स्वीकृत योजना तथा कार्यक्रम सम्झौता नगरेको खण्डमा त्यस्ता योजना तथा कार्यक्रमहरु गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी अन्य योजना तथा कार्यक्रममा रकमान्तर गरी खर्च गर्न सकिने छ।

(६) यस ऐन बमोजिम विनियोजन गरिएको रकम मध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषि विकास क्षेत्रमा विनियोजित रकमलाई विषयगत निकायबाट विस्तृत कार्यक्रम प्रस्तुत भएमा गाउँ कार्यपालिकाले अध्ययन गरी स्वीकृत गरी खर्च गर्न सकिने छ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

<u>संञ्चित कोषबाट विनियोजन हुने रकम</u>

| सि. नं. | शीर्षक को नाम | चालु खर्च | पूँजीगत खर्च | संघीय सशर्त तर्फ चालु | प्रदेश सशर्त तर्फ | संघ विशेष अनुदान | संघीय शर्शत पूँजिगत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ९ |
| १ | गाउँ कार्यपा लिका | १०,९४,९३, ००० | १५,८०,७३,८३ २.३३ | २०,००,००, ००० | ४,१८,२२, ००० | १,२०,००, ००० | १,१०,००, ००० | ५३,२३,८८,८३ २.३३ |

प्रमाणीकरण मितिः २०८०/०४/०१

आज्ञाले,

विनोद रोका

प्रमुख प्रशासकिय अधिकृत